माण्डवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर, प्यूठान
५ नं. प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति- २०७७-०४-२१)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७७/७८ च.नं. PMEP/२३ को मिति २०७७-०४-१२ को पत्र अनुसार यस पालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग वमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ००२/२०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव:-**

**क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको**

**ख) अनुभव र सीप:** प्राविधिक सहायकमा देहाएका अनुभव र सीप आवश्यक पर्नेछ ।

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सीप सहित कम्तिमा ६ महिना को अनुभव भएको ।

**ग) उमेर:-** कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

**२. दरखास्त दिने स्थान:-** माण्डवी गाउँपालिकाको कार्यालय, जस्पुर, प्यूठान

**३. दरखास्त दिने अन्तिम मिति:-**२०७७/०५/०४

**४. आवेदनको दस्तुर:-** रु ६०० (छ सय रुपैयाँ मात्र)

**५. छनौटको किसिम:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

**६. आवेदन साथ संलग्न कागजातहरू:-** आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू

- नागरिकता
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधा:-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११),(१२) र (१३) बमोजिम हुने छ ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण:-** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहाय पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा(९) बमोजिम हुनेछ ।

**नोट:- आवेदनको ढाँचा, प्राविधिक सहायक पदको कार्यविवरण र Syllabus लगाएत अन्य जानकारी www.pmep.gov.np तथा mandavimun.gov.np मा उपलब्ध छ ।**

..........

प्रमुख प्रशासकीय अधिकृत